# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ सख्याः ५ मिति २०८०/०६/११

भागः १

फाल्गुनन्द गाउँपलिका

कोशी प्रदेश, नेपाल

### आर्थिक (पहिलो संशोधन) ऐन, २०८०

प्रमाणिकरण मितिः २०८०/०६/०५

संवत् २०८० सालको ऐन नं. ५

<u>फाल्गुनन्द गाउँपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावनाः</u> फाल्गुनन्द गाउँपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फाल्गुनन्द गाउँपालिको विशेष गाउँसभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो ऐनको नाम आर्थिक (पहिलो संशोधन) ऐन, २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>आर्थिक ऐन, २०८० को अनुसूची ४ मा संशोधनः</u> फाल्गुनन्द गाउँपालिकाको आर्थिक ऐन, २०८० (यसपछि मूल ऐन भनिएको) को अनुसूची ४ को

क) व्यावसायिक क्षेत्र

निर्मल तुम्रोक

प्रमुख प्रशासकीय अधिकृत

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १. | मेची राजमार्गको राके देखि पौवा भन्ज्याङ र राँके रवि सडकको गेली भन्ज्याङ सम्म प्रति आना | २०० |
| २. | घुर्बिसे पञ्चमी, पुरानो पञ्चमी, देउराली, दसमी बजार सम्म प्रति आना | १०० |
| ३. | उतरे यासोक सडक खण्ड (वसागु, सिङहाङ, सुलुम्फी, मेहेलवोट) प्रति आना | १०० |
| ४. | कोल्वुङ, याम्पावुङ, ज्योती, नवमिडाडा वजार, इम्वुङ, पात्लेभञ्ज्याङ, र अन्य व्यवसियक क्षेत्र प्रति आना | १०० |

भन्ने शब्दहरुको सट्टा देहाय बमोजिम शब्दहरु राखिएको छः-

| क्रसं | व्यावसायिक क्षेत्र | दर रु. |
|---|---|---|
| १. | राँके बजार (गेलीभञ्ज्याङ देखि मुक्ति आचार्यको चिया फ्याङ्क्ट्रि सम्म), नवमीडाँडा बजार (वडा बार्यालय देखि कभर्डहल सम्म), घुर्विसे पञ्चमी बजार (सल्लाघारी ओरालो देखि आयुर्वेद औषधालय सम्म) पुरानो पञ्चमी बजार, मेहेलबोटे बजार (स्वाथ्य चौकी देखि चुच्चे ढुंऊ सम्म) वसाँगु बजार (ठुठै पसल देखि डिल्लिको घर सम्म) पात्ले भञ्याङ बजार, देउराली बजार र दशमी बजारमा घर बनाउने/घडेडी प्रयोजनको लागि ८ आना सम्म प्रति आना | ५० |
| २ | अन्य व्यावसायिक क्षेत्र (सबै) प्रति रोपनी | २० |

ख) अनुसूची ४ को खण्ड ख को बक्यौता असुलीमा जरिवाना सम्बन्धमा चालु आ..व. को मूल्याङ्कनको सट्टा हालसम्मको मूल्याङ्कनको ....भन्ने शब्दहरु राखिएको छ। त्यस्तै ६ वर्षभन्दा माथिको जरिवाला ५० प्रतिशतको सट्टा ३० प्रतिशत कायम गर्ने । चालु आ.व.को जरिवाना नहुने भन्ने शब्दहरु राखिएको छ।

३। **मूल ऐनको अनुसूची ८ मा संशोधनः** मूल ऐनको अनुसूची ८ मा भएकोः-

**क) क्र.सं. ४५ मा रहेको**

**अकबरे खुर्सानी प्रति केजी रु २** भएकोमा प्रति केजी रु २ को सटा प्रति केजी रु १ भन्ने शब्दहरु राखे ।

**ख) क्र.सं. ४७ मा रहेको**

बन्दा कोपी/फुलकोपी/मुला/गाजर/ईस्कुसको फल/ईस्कुसको जरा/गाजर प्रति केजी रु १ भन्ने शब्दहरुको सट्टा **बन्दा कोपी, फुलकोपी, मुला र इस्कुसको लागि** प्रति पिक अप रु. ७०० भन्ने शब्दहरु राखिएको छ। भने गाजर र इस्कुसको जराको लागि यथावत प्रति केजी रु १ राखिएको छ।

निर्मल इङ्वोक
प्रमुख प्रशासकीय अधिकृत

४। **मूल ऐनको अनुसूची ९ मा संशोधनः** मूल ऐनको अनुसूची ९ मा देहाय बमोजिम शब्दहरु थपिएका छन्-

| क्रसं | विवरण | दर रु |
|---|---|---|
| १. | रुख कटान सिफारिस | १००० |
| २. | रुखको कटान प्रतिगोटा दस्तुर | |
| | उत्तिस/मलेतो लगायत | ५० |
| | सल्ला र चिलाउने | ७५ |
| | खयर | २०० |

५. **मूल ऐनको अनुसूची १८ मा संशोधनः-** मूल ऐनको अनुसूची १८ मा देहाय बमोजिम संशोधन गरिएको छः-

हाट बजारमा पसल थाप्ने सम्बन्धमा

| क्रसं | विवरण | कायम गर्ने दर रु |
|---|---|---|
| १. | फेन्सी तथा कपडा रु १०० को सट्टा | रु १५० |
| २. | कृषि औजार हटियाको दिन रु १५ को सट्टा | रु २० |
| ३. | बाहिर बाट आएर बेच्ने पसल | रु १५० |
| ४. | लेनदेनको कागज प्रमाणीत प्रति गोटा | रु. ५०० |

निर्मल तुम्बोक
प्रमुख प्रशासकीय अधिकृत